आज मिति २०८१-११-२१ गतेका दिन राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आर्थिक सवालमा साझा सहमति कायम गर्न गठित ४ सदस्यीय तपशिल बमोजिमको सदस्यहरुको पहिलो बैठक बसी निम्न निर्णयहरु गरियो

तपशिल:- **उपस्थिति**

१. अमर बहादुर गुरुङ्ग
२. नबिन चन्द्र ढुंगेल
३. नेत्र प्रसाद सापकोटा
४. सुरेन्द्र खत्री

प्रस्ताब न. १ समितिको कार्यादेश समबन्धमा

निर्णय न.१ आर्थिक सवालमा साझा सहमति कायम गर्न गठित यस समितिको कार्यादेश २०८१ र त्यसमा उल्लेखित कार्यादेश-२०८१ को बिसयमा अभुमुखिक्रण गरियो उक्त कार्यादेशलाई समितिका सदस्यहरुले अक्षरस पालना गर्ने सर्बसहमति निर्णय गरियो।

प्रस्ताब न. २ : अध्ययन गर्ने समय निर्धारण सम्बन्धमा।

निर्णय न. २ राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आर्थिक कागजातहरुको अध्यायन कार्यादेशमा मिति २०८१-११-२० गते देखि २०८१-१२-०५ गते सम्म उल्लेख गरिएको भएता पनि कारण बस अध्यायन प्रारम्भ हुन नसकेकोले २०८१-११-२१ देखि २०८१-१२-०६ साम्म गर्ने र समय थप को लागि अनुरोध गर्ने निर्णय गरियो अध्ययन हरेक दिन बिहान १० :१५ बजे देखि दिउसो ५:०० बजे सम्म गर्ने सर्बसहमति बाट निर्णय गरियो।

प्रस्ताब न. ३ दैनिक उपस्थितिको लागि अनिबार्य रुपमा हाजिरी गर्ने।

निर्णय न. ३ प्रस्ताब न. ३ माथि छलफल गर्दा समितिले अध्ययन गर्न उपस्थित भएको दिनको हरेक दिनको दैनिक हाजिरी गर्ने सर्बसहमति बाट निर्णय गरियो।

प्रस्ताब न. ४ अध्ययनको सुरुवात सम्बन्धमा।

अध्ययनको सुरुवात चारै जना उपस्थित भए पछी मात्र अध्ययन कार्य शुरुवात गर्ने तर समितिका कुनै सदस्यले कुनै कारण बस उपस्थिति हुन् नसक्ने भएमा उचित कारण सहितको निबेदन समितिको बैठक बस्नु

अघि नै समितिमा लिखित पेश गर्नु पर्ने छ र आफु उपस्थिति नभएको समयमा भएको अध्ययनलाई समितिका अन्य सदस्यहरुले गरेको निर्णयको मन्जुरी भएको व्यहोराको उल्लेख गरि निबेदन पेश गर्नु पर्ने र उक्त निबेदनको पछाडी उपस्थित समितिले प्रमाणित गरेको हुनु पर्ने सर्बसहमति बाट निर्णय गरियो।

प्रस्ताब न. ५ जिम्बेवार सम्बन्धमा

निर्णय न. ५ प्रस्ताब न. ५ माथि छलफल गर्दा जिम्मेबारी तोकिएको सदस्य बाहेक सदस्यको सट्टामा अन्य व्यक्ति यस अध्ययनका लागि प्रतिनिधि बनाई पठाउन नमिल्ने सर्बसहमति बाट निर्णय गरियो, अध्ययनको समयमा विभिन्न वाहना बनाइ वीचमा छोडेर बाहिर जान नपाईने सर्बसहमति बाट निर्णय गरियो।

प्रस्ताब न. ६ प्रतेक दिन सहमति लाई निर्णय गर्ने सम्बन्धमा।

निर्णय न. समितिले अध्ययन गरेर साझा सहमति गरेका विषयलाई प्रतेक दिनको अन्त्यमा प्रतिबेदन ढाचामा उल्लेख गरि उपस्थित सम्पूर्ण सदस्यले हस्ताक्षर गर्ने सर्बसहमति निर्णय गरियो।

प्रस्ताब न. ७ नमुना छनौट बिधि तय सम्बन्धमा।

निर्णय न. ७ प्रस्ताब न. ७ उपर छलफल गर्दा अध्ययनको समयमा राष्ट्रिय अपाङ्ग महासघ नेपालको आम्दानी तथा खर्च संग सम्बन्धि भौचरहरुको नमुना छनौट बिधि अनुसार कुल भौचरको ३० प्रतिशत लाई गोला प्रथा द्वारा छनौट गरि अध्ययन प्रारम्भ गर्ने।

प्रस्ताब न. ८ कागजात माग गर्ने सम्बन्धमा।

निर्णय न. ८ प्रस्ताब न. ८ उपर छलफल गर्दा हाल सम्मको कार्यादेशमा उल्लेख भए बमोजिम परियोजनाको सुची रुजु गरि कुल भौचर संख्या एकिन गरि निर्णय न. ७ मा उल्लेख भए बमोजिम २०८१-११-२१ गते नै कागजात उपलब्ध गराउनु पर्ने भौचर विवरण ,माग गर्ने सर्बसहमति निर्णय गरियो।

आज मिति २०८१-११-२२ गतेका दिन राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आर्थिक सवालमा साझा सहमति कायम गर्न गठित ४ सदस्यीय तपशिल बमोजिमको सदस्यहरुको दोस्रो बैठक बसी निम्न निर्णयहरु गरियो

उपस्थिति

१. अमर गुरुङ्ग
२. नबिन चन्द्र ढुंगेल
३. नेत्र प्रसाद सापकोटा
४. सुरेन्द्र खत्री

प्रस्ताब न. १ अध्ययनको लागि कागजात माग गर्ने समबन्धमा

निर्णय न.१ आर्थिक सवालमा साझा सहमति कायम गर्न गठित यस समितिले अध्ययन गर्नको लागि आज मिति २०८१-११-२२ गतेका दिन तपसिल बमोजिमका कागजात माग गर्ने सर्बसहमति बाट निर्णय गरियो

तपशिल

१. २०७९-०८-१३ र १४ गते सम्मको राष्ट्रिय अपाङ्ग महासघको आम्दानि र तिर्नु पर्ने खर्चको विवरण
२. २०७९-०८-१३ र १४ गते आसपास निकालिएको सम्पूर्ण बैंक स्टेटमेन्ट
३. २०७९-०८-१३ र १४ गते साधारण-सभा संग सम्बन्धित निम्न कागजातहरु :-
    - साधारण-सभाको लागि आवयकता भएका भेन्डर (होटेल, स्टेसनरी,भोटिन मेसिन) लगायत अन्य छनौट प्रक्रिया सग सम्बन्धित कागजात समितिको निर्णय समेत
    - खरिद समितिले गरेको निर्णय कार्यसम्पादन समिति/ कार्यसमितिले अनुमोदन गरेको निर्णय
    - साधारण-सभाको परियोजना/कार्यक्रम/आन्तरिक शिर्षक गत भुक्तानी गरिएको श्रोत र भुक्तानी गरिएको विवरण
    - साधारण-सभाको प्रतिनिधिहरुको सम्पूर्ण उपस्थिति र परियोजनागत/ आन्तरिक श्रोत समेतले भुक्तानी गर्दा सम्लंग गरिएको उपस्थिति लगायत सम्पूर्ण भौचरगत बिल भर्पाइ
    - साधारण-सभामा खर्च भएको शिर्षकगत खर्च विवरण
    - भेन्डर संग गरिएको सम्झौता
    - भेन्डरलाई भुक्तानी गर्दा तिरिएको देखिने बैंक भौचर र स्टेटमेन्ट
    - साधारण-सभामा खर्च कार्यसम्पादन समिति वा कार्यसमितिले सिर्शक गत अनुमोदन गरिएको निर्णय
४. आ.ब.०७९-८० को बार्षिक लेखा परिक्षण प्रतिबेदन र परियोजना गत लेखा परिक्षण प्रतिबेदन

निर्णय न. २ आर्थिक सवालमा साझा सहमति कायम गर्न गठित यस समितिले अध्ययन गर्नको लागि कार्यादेश-२०८१ बमोजिम ३०% गोला तत्न्न आवस्यक भौचर विवरण माग गर्ने सर्बसहमति बाट निर्णय गरियो।

प्रस्ताब न. ३ अध्ययनको लागि चेकलिस्ट बनाउने सम्बन्धमा

निर्णय न. ३ प्रस्ताब न. ३ माथि छलफल गर्दा समितिले अध्ययन गर्न मिति २०७९-०८-१३ र १४ गते सम्पन्न भएको अधिबेशन तथा साधारणसभाको सम्पूर्ण आर्थिक कारोबार अध्ययन गर्न तपसिल बमोजिमको चेकलिस्ट तयार गरि अध्ययन सुरु गर्ने सर्बसहमति बाट निर्णय गरियो ।

२०७९-०८-१३ र १४ गते को साधारण-सभा तथा अधिबेशन सग सम्बन्धित कारोबारको अध्ययन गर्नको लागि प्रयोग गरिएको चेकलिस्ट :-

१. साधारण-सभा तथा महाअधिबेशन संग सम्बधित सघिय समितिको बैठकको निणर्य
२. साधारण-सभा तथा महाअधिबेशन सग सम्बन्धित खर्चको कार्यसम्पादन समितिको स्वीकृति कार्यसमितिको अनुमोदन (१८ को ख संग सम्बन्धित)
३. खर्चको महासचिब बाट प्रमाणित भए नभएको हेर्ने (१८ को ग संग सम्बन्धित)
४. एउटी भेंडर लाइ न्युनतम र अधिकतम कति रकम भुक्तानी गरिएको छ सो हेरी दफा २० अनुसार भए नभएको हेर्ने
५. खरिद समितिको गठन प्रक्रिया र निणय हेर्ने
६. भुक्तानी प्रक्रिया नगद/ AC PAY हेर्ने ((२१ को क संग सम्बन्धित)
७. कर्मचारीले खरिद संग सम्बन्धित प्रक्रिया पुरा गरेको नगरेको हेर्ने (२३ संग सम्बन्धित)
८. सेवा खरिद गरिएको फर्मको कानुनि कागजात हेर्ने (२४ संग सम्बन्धित)
९. यदि सिलबन्दि कोटेशन मार्फत खरिद गर्नु पर्ने भएमा (२४ को ग संग सम्बन्धित) हेर्ने
१०. बोल पत्र खोलेको भए २६ सग सम्बन्धित प्रक्रिया हेर्ने
११. साधारण-सभाको कुल प्रतिनिधि संख्या र उपस्थित भएका प्रतिनिधि संख्या प्रतेक दिनको
१२. कार्यक्रममा प्रतिनिधिका सहयोगी, स्वयसेवक, पर्यावेक्षक र पहिलो दिनमा उपस्थित भएका अतिथिहरुको संख्या प्रतेक दिनको
१३. फर्म छनौट गर्दा गरिएको सम्झौता (होटेल, स्टेसनरी, यातायात-खर्च, भोटिंग मेशिन,अतिथि सत्कार कार्यक्रम स्थल,साउण्ड सिस्टम,मंच व्यवस्थापन)
१४. साधारण-सभाको खर्च को श्रोत तथा आम्दानि
१५. साधारणसभाको खर्च भुक्तानी परियोजना /नियमित को सपोटेड डकुमेन्ट
१६. अन्य बिबिध

प्रस्ताब न. ४ महासघको हाल सम्मको परियोजना तथा नियमित अन्तर्गत भएको आम्दानि तथा खर्चको विवरण माग गर्ने सम्बन्धमा

निर्णय न. ४ प्रस्ताब न. ४ माथि छलफल गर्दा २०७९-०८-१३ र १४ गतेको साधारण-सभा तथा अधिबेशन पछी महासघमा नियमित वा आशिक संचालनमा रहेका परियोजना,कार्यक्रमको शीर्षकगत खर्च र नियमित आन्तरिक

प्रस्ताब न. ५ महासघको हाल सम्मको परियोजना तथा नियमित अन्तर्गत भएको आम्दानि तथा खर्चको कारोबार अध्ययन गर्ने चेकलिस्ट तयार गर्ने सम्बन्धमा

निर्णय न. ५ प्रस्ताब नम्बर ५ माथि छलफल गर्दा महासघको हाल सम्मको परियोजना तथा नियमित अन्तर्गत भएको आम्दानि तथा खर्चको कारोबार अध्ययन गर्ने गोला मार्फत तानिएका परियोजना,कार्यक्रम र नियमित आन्तरिक कारोबारलाई अध्ययन गर्न साबिकको आर्थिक तथा प्रशासनिक नियमावली र हाल संसोधित आर्थिक तथा प्रशासनिक नियमावली लगायत अन्य आन्तरिक नीति नियम अनुसार भए नभएको अध्ययन गर्न साझा धारणा बनाउन तपशिल बमोजिमको चेकलिस्ट तयार गर्ने निर्णय गरियो 1

चेक लिस्ट

१. सम्पूर्ण परियोजना/कार्यक्रमको दाता संगको सम्झौता
२. परियोजना समय भित्रमा नै SWC बाट स्वीकृति लिएको वा नलिएको
३. खर्च महासघको साबिक/हालको आर्थिक प्रशासनिक नियमावली अनुसार भएको वा नभएको
४. खर्चको महासचिब/प्रमुख व्यवस्थापक बाट प्रमाणित भए नभएको हेर्ने (साबिक र हालको आर्थिक नियमावली बमोजिम)
५. एउटी भेंडर लाइ न्युनतम र अधिकतम कति रकम भुक्तानी गरिएको छ हेरी नियम अनुसार गरिएको छ कि छैन हेर्ने
६. खरिद समितिको गठन प्रक्रिया र निणय हेर्ने खरिद प्रक्रिया नियमानुसार छ कि छैन
७. भुक्तानी प्रक्रिया नगद/ AC PAY हेर्ने
८. कर्मचारीले खरिद संग सम्बन्धित प्रक्रिया पुरा गरेको नगरेको हेर्ने
९. सेवा खरिद गरिएको फर्मको कानुनि कागजात हेर्ने
१०. यदि सिलबन्दि कोटेशन मार्फत खरिद गर्नु पर्ने भएमा गरे नगरेको
११. बोल पत्र खोलेको भए प्रक्रिया पुरा गरे नगरेको
१२. कार्यक्रमको उपस्थिति संख्या अनुसार खर्च भए नभएको
१३. फर्म छनौट गर्दा बजारमूल्य संग सान्दर्भिकता भए नभएको
१४. सस्थाको नियमित खर्चहरुको लेखा प्रणाली र कार्यसमितिलाई पारदर्शिता गराएको कि नगराएको
१५. आर्थिक/प्रसासनिक नियमावली अनुसार ३/३ महिनामा कोषाध्यक्ष बाट कार्यसमितिको बैठक बाट खर्च अनुमोदन गराएको कि नगराएको
१६. कर्मचारीको तलब विवरण (अधिबेशन पछीको सबैको हाल सम्मको)
१७. कर्मचारीले कुन कुन परियोजना बाट कति कति रकम लिदै गरेको छ सो को विवरण
१८. पदाधिकारी तथा कार्यसमिति वा कन्सल्टेन्टको वा अन्य व्यक्तिहरुले दैनिक भ्रमण भद्ता, यातायात-खर्च प्लेन आदिको खर्चको विवरण के कति रहेको र नियम अनुसार भएको नभएको हेर्ने
१९. पदाधिकारीले कुन कुन परियोजना बाट पारिक्षमिक लिएका छन् र कति कति लिएका छन् सो को विवरण
२०. बिबिध

(क) (सस्थाको आन्तरिक कारोबारको हाल सम्मको आम्दानि र खर्च विवरण)

आज मिति २०८१-११-२३ गतेका दिन राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आर्थिक सवालमा साझा सहमति कायम गर्न गठित ४ सदस्यीय तपशिल बमोजिमको सदस्यहरुको दोस्रो बैठक बसी निम्न निर्णयहरु गरियो

उपस्थिति

१. अमर गुरुङ्ग
२. नबिन चन्द्र ढुंगेल
३. नेत्र प्रसाद सापकोटा
४. सुरेन्द्र खत्री

प्रस्ताब न. १ साधारण-सभाको बारेमा अन्य विवरण माग गर्ने सम्बन्धमा ।

निर्णय न. १ प्रस्ताब न. १ माथि छलफल गर्दा २१ औ बार्षिक साधारणसभामा उपस्थित आयोजक, कर्मचारी, स्वयं सबक, सुरक्षा कर्मी, अतिथि के कति रहेका थिए आवासीय रुपमा रहने र नरहने समेतको विवरण माग गर्ने र महासघले न्यु होटेल इन्द्रेणी एण्ड रेस्टुरेन्ट संग २०७९-०७-०४ गते को सम्झौता को बुदा न. (ख) को (८) मा उल्लेख गरिएको व्यवस्था अनुसार कुन कुन होटेलमा कति कति जना प्रतिनिधि/सहयोगी/स्वयंसेवक/कर्मचारी रहेका थिए त्यसको विवरण समेत माग गर्ने सर्बसहमति बाट निर्णय गरियो ।

प्रस्ताब न. २ प्रतिनिधि तथा सहयोगी सम्बन्धमा

निर्णय न.२ प्रस्ताब न. २ माथि अध्यायन गर्दा राष्ट्रिय अपाङ्ग महासघ नेपालको २०७९-०८-१३ र १४ गते नेपालगंजमा सम्पन्न २१ औ बार्षिक साधारणसभा तथा ९ औ महाधिबेशनमा महासघका सदस्य सस्थाहरु बाट सिफारिश भएका प्रतिनिधि, सहयोगी,तथा पर्यबेक्षकहरुको संख्या एकिन गरियो जसमा कुल सिफारिस भएका प्रतिनिधि संख्या ७८१ जना र सहयोगी १२१ गरि जम्मा ९०२ जना सिफारिश भइ आएकोमा सिफारिश भएका प्रतिनिधि ,सहयोगी र पर्यबेक्षकहरुको साधारण-सभाको उपस्थितिको दस्तखतको आधारमा कुल प्रतिनिधि संख्या ७१२ सहयोगी ७७ गरि जम्मा ७८९ रहेको पाइयो जसमा सिफारिस भएका र महाधिबेशनमा उपस्थित भएका मध्ये ११३ जना अनुपस्थिति रहेको देखिएको छ उक्त विवरणलाई तपशिल बमोजिम उल्लेख गरिएको छ ।

तपशिल

सिफारिश गरिएका तथा साधारणसभा तथा महाधिबेशनमा उपस्थिति रहेका प्रतिनिधि, पर्यबेक्षक र सहयोगीको संख्या विवरण यस प्रकार छ :-

(विवरण दोस्रो पेजमा उल्लेख गरिएको छ)

२१ औ बार्षिक साधारण-सभा तथा ९ औ महाधिबेशन २०७९-०८-१३ र १४ नेपालगंजको कुल प्रतिनिधि सहयोगी र उपस्थित प्रतिनिधि सहयोगीको विवरण								
क्रस	कोशी प्रदेश	मधेश प्रदेश	बागमती प्रदेश	गण्डकी प्रदेश	लुम्बिनी प्रदेश	कर्णाली प्रदेश	शुदुरपश्चिम प्रदेश	जम्मा
कुल सस्था	४४	४५	११७	५१	५३	३८	४२	३९०
प्रदेशले सिफारिस गरेको प्रतिनिधि संख्या	८८	९०	२२९	१०२	११२	७६	८४	७८१
प्रदेशले सिफारिस गरेको सहयोगी संख्या	११	६	३६	३२	२२	९	५	१२१
जम्मा	९९	९६	२६५	१३४	१३४	८५	८९	९०२
महाधिबेशनमा उपस्थित प्रतिनिधि संख्या	८५	७८	२०४ २०३	८६	१०५ ११६	७१	७३	७१२
महाधिबेशनमा उपस्थित सहयोगी संख्या	१०	१	२७	१४	२० ९	८	८	७७
जम्मा	९५	७९	२३०	१००	१२५	७९	८१	७८९
अन्तर भिन्नता	**४**	**१७**	**३५**	**३४**	**९**	**६**	**८**	**११३**

आज मिति २०८१-११-२५ गतेका दिन राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आर्थिक सवालमा साझा सहमति कायम गर्न गठित ४ सदस्यीय तपशिल बमोजिमको सदस्यहरुको दोस्रो बैठक बसी निम्न निर्णयहरु गरियो

उपस्थिति

१. अमर गुरुङ्ग
२. नबिन चन्द्र ढुंगेल
३. नेत्र प्रसाद सापकोटा
४. सुरेन्द्र खत्री

प्रस्ताब न. १ अध्ययन गरिएको सम्बन्धमा ।

निर्णय न. १ प्रस्ताब न. १ माथि छलफल गर्दा २१ औ बार्षिक साधारणसभामा भएको खर्चको अध्ययन गर्ने क्रममा आज न्यु होटल इन्द्रेणी एण्ड रेस्टुरेन्ट मार्फत भएको खर्च विवरण हेरियो जसमा बिल न. १४८,१५२,१५०,१४६,१५३, को बिल को कुल ३००७१४६ रुपैया खाना आवशमा भुक्तानी गरिएको पाइयो साथै उक्त होटेलको अन्य बिलहरु पनि माग गरि थप अध्ययन गर्ने निर्णय गरियो ।

आज मिति २०८१-११-२६ गतेका दिन राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आर्थिक सवालमा साझा सहमति कायम गर्न गठित ४ सदस्यीय तपशिल बमोजिमको सदस्यहरुको दोस्रो बैठक बसी निम्न निर्णयहरु गरियो

उपस्थिति

१. अमर गुरुङ्ग
२. नबिन चन्द्र ढुंगेल
३. नेत्र प्रसाद सापकोटा
४. सुरेन्द्र खत्री

प्रस्ताब न. १ प्रतिनिधि,पर्यावेक्षक,सहयोगीको तथ्यांक अध्यावधि सम्बन्धमा ।

निर्णय न. १ प्रस्ताब न. १ माथि छलफल गर्दा २१ औ बार्षिक साधारण सभामाको उपस्थित प्रतिनिधिको संख्या अध्यावधि गर्ने क्रममा कुल प्रतिनिधिको उपस्थित संख्यालाई पुनः गणना गरियो गणना गर्दा आर्थिक सवालमा साझा सहमति कायम गर्न गठित समितिको मिति २०८१-११-२३ गतेको प्रस्ताब न. २ को विवरणमा बागमती प्रदेशको कुल उपस्थित प्रतिनिधि संख्या २०३ उल्लेख गरिएकोमा पुन अध्यावधि गर्दा २०४ जना रहेको पाइयो साथै लुम्बिनी प्रदेशको कुल उपस्थित प्रतिनिधि संख्या ११६ भएकोमा पुनः अध्यावधि गर्दा १०५ भएको र सोहि प्रदेशको सहयोगी संख्या ९ जना उल्लेख भएकोमा पुनः अध्यावधि गर्दा ११ जना थप भएको र जम्मा २० जना सहयोगी रहेको पाइयो जम्मा प्रतिनिधि सहयोगी तथा पर्यावेक्षकहरुको कुन संख्या ७८९ भएकोमा पुनः अध्यावधि गर्दा १ जना प्रतिनिधि थप भइ जम्मा ७९० उपस्थिति कायम हुन देखिन आएको छ ।

प्रस्ताब न. २ साधारणसभामा अन्य उपस्थिति सम्बन्धमा ।

निर्णय न. २ प्रस्ताब न. २ माथि छलफल गर्दा २१ औ बार्षिक साधारण सभामा तथा ९ औ महाधिबेशनमा निर्णय न. १ मा उल्लेख गरिएको उपस्थिति बाहेक अन्य उपस्थितिको बारेमा अध्ययन गर्दा हाल सम्म प्राप्त विवरणको आधारमा कर्मचारी ५० जना, दोभासे १२ जना बिभिन्न प्रदेशहरु बाट प्रतिनिधि ल्याइएका यातायात(गाडी) का कर्मचारी १५ जना, सुदुर पश्चिम कार्यसमिति सदस्य १ जना, गरि जम्मा कुल ७८ जना आवाशीय रुपमा उपलब्ध डकुमेन्टको आधारमा देखिन आएको तर उक्त कागजातमा उपस्थितिको हस्ताक्षर नभएको देखियो । तर दोभासेको हकमा बैक मार्फत पारिश्रमिक भुक्तानी गरेको पाइएको छ ।

त्यसैगरी स्थानीय स्वयम् सेवकको रुपमा दिवाशिय रुपमा परिचालन गर्ने गरि पहिलो दिन २०७९-०८-१२ गते ५७ जना दोस्रो र तेस्रो दिन ५१/५१ जना उपस्थित रहेकोमा १३/१४ गते प्रतिनिधिहरुलाई आवश देखि कार्यक्रम स्थल सम्म व्यवस्थापन गर्नको लागि अन्य थप २९/२९ जना स्वयम् सेवक परिचालन गरिएको र प्राथमिक उपचार तथा सेवा सम्बन्धि मोबाइल टिम ७ जना गरि कुल ३ दिनको जम्मा २२४ जना स्वयम् सेवक परिचालन गरिएको विवरण प्राप्त भएको तर १३/ १४ गतेका २९ जना र मोबाइल टिमका ७ जनाको उपस्थित हाजिरी प्राप्त नभएको हुदा उक्त स्वस्यकसेवकलाई थप पुस्टि गर्ने आधार माग गर्ने निर्णय गरियो ।

उल्लेखित संख्या बाहेक अन्य अतिथिहरु, निर्बाचन टिम र सुरक्षा निकायको विवरण माग गर्ने निर्णय गरियो ।

प्रस्ताब न. ३ अन्य विवरण माग गर्ने सम्बन्धमा

निर्णय न. ३ प्रस्ताब न. ३ माथि छलफल गर्दा २१औं बार्षिक साधारणसभा तथा ९ औ महाधिबेशनको सम्पूर्ण खर्च र आम्दानीको भुक्तानी भएको बिल भर्पाइको आधारमा एक्सल सिटमा फर्मेट बनाइ विवरण माग गर्ने सर्बसहमति बाट निर्णय गरियो ।

प्रस्ताब न. ४ भोलि छलफल गर्ने बिषय सम्बन्धमा ।

निर्णय न. ४ प्रस्ताब न. ४ माथि छलफल गर्दा मिति २०८१-११-२७ गते अन्य खर्च तथा आम्दानि लाई अध्ययन गरि समबुझाई कायम गर्ने निणय गरियो ।

आज मिति २०८१-११-२७ गतेका दिन राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आर्थिक सवालमा साझा सहमति कायम गर्न गठित ४ सदस्यीय तपशिल बमोजिमको सदस्यहरुको दोस्रो बैठक बसी निम्न निर्णयहरु गरियो

उपस्थिति

१. अमर गुरुङ्ग
२. नबिन चन्द्र ढुंगेल
३. नेत्र प्रसाद सापकोटा
४. सुरेन्द्र खत्री

प्रस्ताब न. १ यातायात खर्च सम्बन्धि अध्ययन गरिएको सम्बन्धमा 1

निर्णय न. १ प्रस्ताब न. १ माथि छलफल गर्दा २१ औ बार्षिक साधारणसभामा भएको यातायात खर्चको अध्ययन गर्ने क्रममा तपशिल बमोजिमको यातायात खर्च भएको देखिएको छ 1

क्रस	विवरण	दिन	जम्मा	कैफियत
	स्थानीय यातायात			
१	अबुल अन्सारी	२	१६६६७.००	
२	शुक्रजाज निरौला	१	५५५६.००	
३	सुनिल बि.क	२	२६६६८.००	
४	राम जी अधिकारि	२	२६६६८.००	
५	बिर बहादुर राउत	२	२६६६८.००	
६	नर बहादुर दमाइ	१	५५५६.००	
७	नर बहादुर दमाइ	१	७७७८.००	२८ गते
८	ओम प्रकाश थापा	४	३३३३४.००	
९	नर बहादुर दमाइ	४	२६६६७.००	२७-३० गते
	लामो दुरीको यातायात			
९	राम लाल वोली		६६६६७.००	KTM-Nep
१०	जौनुल मिया अन्सारी		८८८८९.००	NEP-KTM
	प्लेन भाडा			
११	कार्यसमिति/कर्मचारीको प्लेन खर्च		१३९१००.००	KTM-Nep,NEP-KTM
१२	कार्यसमिति/कर्मचारीको प्लेन तथा गाडी भाडा		१८३२१४.००	KTM-Nep,NEP-KTM
१३	तयारि गर्न जादा आउदाको यातायात खर्च		६०२५४.००	KTM-Nep,NEP-KTM
१४	भोलेन्टियर,ट्याक्सीफियर,पत्रकार लगायत स्थानीय ट्याक्सी फियर		५३५००.००	नेपालगन्जमा भएको खर्च
	जम्मा खर्च		७६७१८६.००	

माथि उल्लेखित विवरणमा नर बहादुर दमाइलाई गरिएको सम्झौता हेर्दा २७ देखि ३० गते सम्म ४ दिनको सम्झौता गरिएको देखिएको तर पुन २८ गते अर्को सम्झौता गरि ७,७७८ रुपैया थप रकम दिएको देखिन आएकोले उक्त बिसयमा सम्बन्धित पक्ष संग थप बुज्नु पर्ने आवस्यकता देखियो l

प्रस्ताब न. २ भोटिंग मेशिन सम्बन्धमा

निर्णय न. २ प्रस्ताब न. २ माथि छलफल गर्दा महाधिबेशनमा प्रयोग गरिको भोटिंग मेशिनमा कुल ७,५०,०००/- (अक्षरुपी सात लाख पचास हजार) भुक्तानी गरेको देखियो त्यसमा DPOD परियोजना मार्फत १,००,०००/- ,FFO मार्फत ३,५०,०००/- र CBM बाट ३,००,०००/- गरि जम्मा ७,५०,०००/- भुक्तानी भएको देखियो l

आज मिति २०८१-११-२८ गतेका दिन राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आर्थिक सवालमा साझा सहमति कायम गर्न गठित ४ सदस्यीय तपशिल बमोजिमको सदस्यहरुको दोस्रो बैठक बसी निम्न निर्णयहरु गरियो

उपस्थिति

१. अमर गुरुङ्ग
२. नबिन चन्द्र ढुंगेल
३. नेत्र प्रसाद सापकोटा
४. सुरेन्द्र खत्री

प्रस्ताब न. १ न्यु इन्द्रेणी होटेल एण्ड रेस्टुरेन्टको सम्झौता र खर्च विवरण सम्बन्धमा ।

निर्णय न. १ प्रस्ताब न. १ माथि छलफल गर्दा २१ औ बार्षिक साधारण सभामा रास्ट्रीय अपाङ्ग महासघ नेपालले सम्पूर्ण प्रतिनिधि,पर्यावेक्षक,सहयोगी, लगायत अन्य उपस्थितिहरुलाई खाना तथा आवशको लागि न्यु इन्द्रेणी होटेल एण्ड रेस्टुरेन्ट संग एकामुस्ट सम्झौता गरिएकोमा हालसम्म साधारणसभामा उपस्थित हुने हस्ताक्षर सहितका प्रतिनिधि पर्यावेक्षक, सहयोगी, दोभासे,तथा आयोजक समेत गरि कुल ८०३ जना मात्रै पुष्टी हुन् आएको देखिएको छ तथापि कार्यक्रममा उपस्थित महासघका कर्मचारी र अन्य गाडीका चालक र सहचालकहरुको समेत उपस्थिति हाजिरी नभएकोले उल्लेखित बिल भर्पाइलाई पुस्ट्याइ गर्ने आधार माग गर्नु पर्ने देखिएको छ । न्यु इन्द्रेणी होटेल एण्ड रेस्टुरेन्ट मा बिभिन्न बिलहरुको आधारमा कुल भुक्तानी गर्नु पर्ने रकम ३३,४९,९४६ (अक्षरोपी तेतिश लाख उनन्पचास हजार नौ सय छयालीस) देखिन आएको छ तर २०७९-०८-१२ गते साधारणसभा हुने अघिल्लो दिन बेलुकाको सादा खाना र आवशको (सादा खाना प्रति व्यक्ति रु १५० र आवश प्रतिव्यक्ति रु. ३००) गरि कुल ४५० भ्याट सहित ५०८ रुपैया भुक्तानी गर्नु पर्नेमा इन्द्रेणी होटेलको बिल न. १४७ नम्बरमा १२ गते बेलुका पनि ९८४ जना को फुल प्याकेज (प्रति व्यक्ति रु. ८५० भ्याट सहित ९६०) रुपैयाको बिल काटिएको देखिन आएको छ । सोहि दिन (१२ गते) बिल न. १४६ मा अन्य २४५ जना ले प्रति व्यक्ति २०० को दरले खाना समेत खाएको देखिन आएको ले सो बारेमा के कसो भएको हो लेखा प्रमुख संग लिखित जबाफ माग गर्ने निर्णय गरियो ।

१. १२ गते बिहान २४५ जनाले खाना खाएका व्यक्तिहरु को को हुन् उनीहरुको बिलको आधारमा पुस्ट्याइ हुने अन्य आधार/ प्रमाण ।
२. सम्झौता बमोजिम १२ गते बेलुका आवशको ३०० को दर र खानाको १५० को दरले मात्रै खर्च गर्नु पर्नेमा सो दिनको फुल प्याकेज कसरी हुन् गयो त्यसको आधार/प्रमाण तथा पुस्ट्याइ ।
३. हाल सम्मको साधारण-सभामा हाजिरी भएका उपस्थित सहभागी प्रतिनिधि आयोजक,लगायत अन्य उपस्थितिको हाजिरी अध्ययन गर्दा ८०३ जना मात्रै रहेकोले बिलमा ९८४ जनाको फुल प्याकेजमा बिल काटिएको देखिएकोले फुल प्याकेजको लागि ९८४ जना को को हुन् सो को हाजिरी सहितको पुस्ट्याइ गर्ने थप विवरण ।
४. होटेल इन्द्रेणीको १२,१३,१४,१५ गते फुल प्याकेज बाहेकका अन्य तपशिल बमोजिमका व्यक्तिहरुले तपशिल बमोजिमको खर्च गरेको पाइएको तर उक्त व्यक्तिहरु को हुन् त्यसको पुस्ठ्याइ गर्ने आधार मध्ये १२ गते ५७ जना

१३ गते ५१ जना र १४ गते ५१ जना स्वयम् सेवक हरुको हाजिरी बाहेक अन्य व्यक्तिहरुको कुनै पनि थप पुस्ट्याइ हुने आधार नदेखिएको कारण अन्य व्यक्तिहरुको पनि उपस्थित हाजिरी सहित पुस्ट्याई हुने आधार/प्रमाण माग गर्ने ।

तपशिल -

डे प्याकेज -होटेल इन्द्रेणी

बिल न.	मिति	जम्मा सहभागी संख्या	दर	जम्मा	भ्याट सहित जम्मा
१४६	७९-०८-१२	२४५	२००	49000	55370
१४९	७९-०८-१३	७५	३००	22500	25425
१४९	७९-०८-१३	६	१५०	900	1017
१५२	०७९-०८-१४	८७	१००	8700	9831
१५२	०७९-०८-१४	१७९	३००	53700	60681
१५२	०७९-०८-१४	७८	१५०	11700	13221
१५४	७९-०८-१५	५७	१५००	85500	96615
जम्मा		७२७		२३२०००	२६२१६०

अन्य होटेलहरु

क्रस	फर्मको नाम	स्थान	बिल न.	मिति	विवरण	जना	जम्मा रकम
१	न्यु बुटवल गेस्ट हाउस	नेपालगंज	९६	७९-०८-१५	खाना/पानि	४२	८७००
२	अप्सरा होटेल	नेपालगंज	७५	७९-०८-१५	खाना /पानि	१२	२५५०
३	दंगाली होटेल	नेपालगंज	८४	७९-०८-१५	खाना /पानि	३५	७४५०
४	होटेलअन्नपुर्ण	नेपालगंज	७८	७९-०८-१५	खाना /पानि	६१	१२६८०
जम्मा							३१३८०

आर्थिक सवालमा साझा सहमति कायम गर्न गठित समितिको

१३औ दैनिक प्रतिवेदन - फारम

प्रतिवेदन नम्बर: ०२

१. **छलफल गरिएको मुख्य बिषयहरु:-**

(क) समिति सदस्य नविनचन्द्र ढुङ्गेलको स्वास्थ्य अबस्था बारे

२. **दैनिक गतिविधिहरू**

i. **कार्य/गतिविधि:**

- आज १३औ दिनको दिन हामी दुइ नेत्र प्रसाद सापकोटा र अम्मर गुरुङ्ग कार्यालयमा तोकिएको समयमा उपस्थित हुँदा प्रशाशकिय व्यवस्थापकबाट नविन चन्द्र ढुङ्गेलको स्थास्थ्यस्थितिमा समस्या आएको कारणले उपस्थित हुन नसक्ने भन्ने जानकारी उहाँलाइ इमेल मार्फत् सूचना आएको र उहाँको अनुपस्थितिमा आजको काम हुन नसक्ने भएकाले आजको काम स्थगित गर्नुका साथै नविनचन्द्र ढुङ्गेलको सिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो।

अध्ययनमा संलग्नको विवरण:

१. अमर बहादुर गुरुङ्ग

२. नबिन चन्द्र ढुंगेल

३. नेत्र प्रसाद सापकोटा

४. सुरेन्द्र खत्री

आज मिति २०८१-१२-०५ गतेका दिन राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आर्थिक सवालमा साझा सहमति कायम गर्न गठित ४ सदस्यीय तपशिल बमोजिमको सदस्यहरुको दोस्रो बैठक बसी निम्न निर्णयहरु गरियो

उपस्थिति

१. अमर गुरुङ्ग
२. नबिन चन्द्र ढुंगेल
३. नेत्र प्रसाद सापकोटा
४. सुरेन्द्र खत्री

प्रस्ताब न. १ २२ औ बार्षिक साधारण-सभा काठमाडौंको उपस्थिति सम्बन्धमा 1

निर्णय न. १ प्रस्ताब न. १ माथि छलफल गर्दा २२ औ बार्षिक साधारण सभामाको उपस्थित प्रतिनिधिको संख्या अध्यावधि गर्ने क्रममा कुल प्रतिनिधिको उपस्थित हस्ताक्षर संख्यालाई अध्यावधि गर्दा कोशी प्रदेशमा ३८ जना, मधेश प्रदेशमा ५४ जना बागमती प्रदेशमा १३२ जना गण्डकी प्रदेशमा ३५ जना लुम्बिनी प्रदेशमा ७१ जना कर्णाली प्रदेशमा ५२ जा सुदुरपस्चिम प्रदेशमा १८ जना गरि कुल ४०० जनाको उपस्थितिमा हस्ताक्षर भएको देखिन आएको छ 1 त्यसै गरि कार्यसमितिमध्ये प्रतिनिधिमा समाबेश नभएका तर साधारण-सभामा उपस्थित भएका कार्यसमितिका पदाधिकारी तथा सदस्य जम्मा २६ जना उपस्थिति रहेको देखिएको छ 1 त्यसै गरि २०८१ पुस १३ गतेका दिन २९ जना सुरक्षा कर्मीहरुको उपस्थिति रहेको देखिन आएको छ 1 त्यसैगरी साधारण-सभामा १२ र १३ गतेका दिन जम्मा १५ जना भोलेन्टियर परिचालन गरिएको देखिन आएको छ1 साधारणसभामा परिचालित कर्मचारी संख्या २९ जना रहेको देखिन आएको छ 1

आजसम्म २२ औ साधारणसभाको उपस्थितिको प्राप्त कागजात अध्ययन गर्दा कुल ४९९ जना उपस्थित रहेको देखिएको छ जसमा कार्यसमितिका कुल २६ जना मध्ये १० जना आवशमा नबसेको, सुरक्षा कर्मीहरु आवशमा नबसेको, १५ जना भोलेन्टियर आवशमा नबसेको र कर्मचारी कुल २९ जना मध्हे १३ जना मात्रै आवशमा बसेको अन्य १६ जना आवशमा नबसेको देखिएको छ 1 आवशमा नबस्ने प्रतिनिधि सहयोगीहरुमा कुल ४०० जना प्रतिनिधि सहयोगी मध्ये ३१५ जना आवशमा बसेको देखिएको छ 1 कुल आवशमा बस्ने संख्या लाई अद्यावधिक गर्दा प्रतिनिधिमा समाबेश नभएका कार्यसमितिका १६ जना , कर्मचारी १३ जना , प्रतिनिधि तथा सहयोगी ३१५ जना गरि कुल ३४४ जना आवशमा रहेको देखिन आएको छ 1

प्रस्ताब न. २ अन्य विवरण माग गर्ने सम्बन्धमा

निर्णय न. २ प्रस्ताब न. २ माथि छलफल गर्दा २२ औं बार्षिक साधारणसभाको सम्पूर्ण खर्च र आम्दानीको भुक्तानी भएको बिल भर्पाइको आधारमा एक्सल सिटमा फर्मेट बनाइ विवरण माग गर्ने सर्बसहमति बाट निर्णय गरियो 1 त्यसै गरि २२ औ साधारण-सभा संग सम्बन्धित अन्य उपस्थिति भए नभएको एकिन गर्नको लागि २०८१-१२-०६ गते ११ बजे भित्र उपलब्ध गराउन अनुरोध गर्ने र उत्त समय सिमा भित्र प्राप्त विवरणलाई अध्यावधि गरि समग्रमा प्रतिबेदन तयारी गर्ने सर्बसहमति बाट निर्णय गरियो 1